आज मिती २०७५/५/२१ गते बिहिबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको ३६ औ बैठक बसी निम्न बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राइ | गा.पा. अध्यक्ष | |
| २ | सावित्रा भट्टराइ | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | वडाध्यक्ष | |
| ४ | डम्बर ब. सुवेदी | वडाध्यक्ष | |
| ५ | याम प्रसाद लामा | वडाध्यक्ष | |
| ६ | गणेश कुमार राई | वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | वडाध्यक्ष | |
| ८ | भवानी प्रसाद लिंङदम | वडाध्यक्ष | |
| १० | कविता राइ | कार्यपालिका सदस्य | |
| ११ | मिरादेवि खवास | कार्यपालिका सदस्य | |
| १२ | सोम कुमारी साउदेन | कार्यपालिका सदस्य | |
| १२ | मन कुमारी लिम्बु | कार्यपालिका सदस्य | |
| १३ | वीर ब. देवान | मनोनित कार्यपालिका सदस्य | |
| १४ | याम ब. बिश्वकर्मा | मनोनित कार्यपालिका सदस्य | |
| १५ | चन्द्रप्रकाश बस्नेत | सचिव | |
| अन्य उपस्थिति | | | |
| १६ | डम्बर कुमार प्रधान | प्रशासन शाखा | |
| १७ | बीर ध्वज लिम्बू | योजना शाखा | |
| १७ | भिम ब. बुढाथोकी | का.स. | |

प्रस्तावहरुः-

१. वडागत चालु खर्च बाडाँफाडँ सम्बन्धमा ।
२. पटके कर र निकासी कर तथा हाटबजार कर लगाउने सम्बन्धमा ।
३. उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन समिति गठन सम्बन्धमा ।
४. स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ सम्बन्धमा।
५. नामसालिङ्ग शुक्रबारे हात्तीटार इ.न.पा. बाटो मर्मत सम्बन्धमा ।
६. शिक्षा समितिको सदस्य सचिव सम्बन्धमा ।
७. गुप्ति गाउँघर क्लिनिक सम्बन्धमा ।
८.शान्तिदिप महिला कृषक समुहलाई आर्थिक साहयत उपलब्ध गराउने सम्बन्धमा ।
९. फिक्कल नयाँबजार मोटर बाटोको ठेक्का भङ्ग सम्बन्धमा ।
१०. विविध ।
    क. ध्यानाकर्षण सम्बन्धमा ।

Scanned by CamScanner

निर्णयहरु:-

१. चालु आ.व. ०७५/०७६ को गाउँसभावाट स्विकृत चालु खर्चबाट वडा कार्यालयहरुका लागि तपशिलका शिर्षकहरुबाट देहाय बमोजिम बजेट बाडाँफाँड गर्ने र वडा कार्यालयहरुले बाँडफाँड भएको रकमको परिधि भित्र रहि सम्बन्धित शिर्षकमा यस आ.व. मा खर्च गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.स. | बजेट शिर्षक | विवरण | वडा नं. १ | वडा नं.२ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २२१११ | पानी बिजुली | २००००/- | २००००/- | २००००/- | २००००/- | २००००/- | २००००/- | १२००००/- |
| २ | २२११२ | सञ्चार | २००००/- | २००००/- | २००००/- | २००००/- | २००००/- | २००००/- | १२००००/- |
| ३ | २२२११ | इन्धन | १५०००/- | १५०००/- | १५०००/- | १५०००/- | १५०००/- | १५०००/- | ९००००/- |
| ४ | २२२१२ | संचाल तथा मर्मत | २५०००/- | २५०००/- | २५०००/- | २५०००/- | २५०००/- | २५०००/- | १५००००/- |
| ५ | २२६१२ | भ्रमण खर्च | १६००००/- | १६००००/- | १६००००/- | १६००००/- | १६००००/- | १६००००/- | ९६००००/- |
| ६ | २२७११ | विविध खर्च (मालपोत लगत ढड्डा सार्ने सहित) | १७००००/- | १७००००/- | १७००००/- | १७००००/- | १७००००/ | १७००००/- | १०२००००/- |
| ७ | २२३११ | कार्यालय संचालन तथा मसलन्द खर्च | १३००००/- | १३००००/- | १३००००/- | १३००००/- | १५००००/- | १३००००/- | ८०००००/- |
| ९ | २२६११ | अनुगमन तथा मुल्याङ्कन खर्च | ५००००/- | ५००००/- | ५००००/- | ५००००/- | ५००००/- | ५००००/- | ३०००००/- |
| | | जम्मा | | | | | | | |

२. माईजोगमाई गाउँपालिकाको क्षेत्राधिकार भित्र तपशिल बमोजिमका वस्तु तथा सेवामा निम्न क्षेत्रमा निम्नानुसार कर तथा दस्तुर लगाउने साथै गाउँपालिकाका सम्पुर्ण नाकाबाट निकासी र पटके कर संकलन गर्दा न्युनतम कबोल अंक कायम गर्ने सम्बन्धमा अध्ययन गरी गाउँसभामा अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो ।
निम्नः

क. पटके सवारी कर

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १ | बस ट्रक ट्याकटर तथा लहरी जस्ता हेभी गाडि | ३०/- प्रति दिन |
| २ | मिनि बस तथा मिनि ट्रक | २५/- प्रति दिन |
| ३ | ट्याक्सि ट्याम्पो कार जिप भ्यान जस्ता लाइट गाडि | २०/- प्रति दिन |
| ४ | विदेशी नम्बर प्लेटका गाडिहरुको हकमा | |
| | क. लाइट भए | ५०/- प्रति दिन |
| | ख. हेभी भए | १००/- प्रति दिन |

ख. निकासी कर (यस शिर्षकमा कर उठाउँदा पटके कर तिर्न नपर्ने)

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १ | गोलिया प्रति फुल बडि ट्रक | ७००/- |
| २ | गोलिया प्रति ट्याटर तथा अन्य साना गाडी | ३००/- |
| ३ | चौपाया (भेडा बाख्रा खसी बोका) | ३०/- प्रति गोटा (बजार तथा व्यवसाय प्रयोजनका लागि मात्र) |
| ४ | चौपाया ( रागाँभैसी गाईगोरु) | १००/- प्रति गोटा (बजार तथा व्यवसाय प्रयोजनका लागि मात्र) |
| ५ | अलैची प्रति बोरा | २००/- |
| ६ | अदुवा प्रति ट्रक | ७०००/- |
| | अदुवा प्रति ट्याकटर | १५००/- |
| | अदुवा प्रति पिकअप | ५००/- |
| ७ | आलु प्रति मन | रु १०/- |
| ८ | कुचो (अम्लीसो) प्रति मन | रु १५/- |
| ९ | बाँस प्रति गोटा | रु २/- |
| १० | सुन्तला प्रति केजी | रु २/- |
| ११ | चीज र ध्यु प्रति केजी | रु ५/- |
| १२ | छुर्पि प्रति केजी | रु १०/- |
| १३ | चिया सुख्खा प्रति केजी | रु १०/- |
| १४ | चिया काँचो प्रति केजी | रु १/- |
| १५ | अन्य बस्तुमा विक्रिमुल्यको २ प्रतिशतले असुल गर्ने | |

ग. हाटबजार कर सम्बन्धमा:- माईजोगमाई गाउँपालिकाको केन्द्रको नयाँबजारमा हाटबजार कर संकलन ठेक्काबाट भई रहेको र अन्य बजार (प्याङ्पञ्चमी)मा तपशिलको न्युनतम मूल्य कायम गरी बढाबढका आधारमा वडा कार्यालय मार्फत ठेक्का दिने । साथै शुक्रबारे र शनिश्चरे बजारमा बजार ब्यवस्थापन समितिलाइ क्रियाशिल बनाइ हाटबजारलाइ प्रभावकारि संचालन गराउन निर्देशन दिने ।

Scanned by CamScanner

| क्र.स. | विवरण | न्यूनतम रकम |
|---|---|---|
| १ | प्याङ्ग पञ्चमी | १२०००/- |
| २ | शनिश्चरे बजार | ०/- |
| ३ | शुक्रबारे बजार | ०/- |

३. माईजोगमाई गाउँपालिकको बजार अनुगमन निर्देशिका २०७५ मा व्यवस्था भए बमोजिम उपभोक्ता हित संरक्षण समिति तथा बजारअनुगमन समितिमा तपशिल बमोजिम सदस्यहरु रहने गरी समितिलाई पूर्णता दिने साथै आई रहेको महान चाड दशै तथा तिहार भन्दा अगाडि नै बजार अनुगमन गरी कार्यपालिकामा अनुगमन प्रतिवेदन पेश गराउने निर्णय गरियो ।

तपशिलः

क. उपभोक्ता हित संरक्षण समिति
साविता भट्टराइ संयोजक
गणेश कुमार राइ सदस्य
राम शंकर देब सदस्य
याम बहादुर वि क सदस्य
आङपासाङ्ग शेर्पा सदस्य
डम्बर कुमार प्रधान सदस्य सचिव

ख. बजार अनुगमन समिति
डम्बर कुमार प्रधान संयोजक उपभोक्ता हकहित इकाई प्रतिनिधि
राजु ठकुरी सदस्य इलाका प्रहरी कार्यालय नयाँबजार
आङपासाङ्ग शेर्पा सदस्य बजार व्यवस्थापन समिति
तीर्थ काफ्ले सदस्य उद्योगवाणिज्य संघ प्रतिनिधि
डम्बर निरौला सदस्य पत्रकार

४.माईजोगमाई गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ सर्वसम्मतिबाट स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

५. नामसालिङ्ग शुक्रबारे हात्तीटार इ.न.पा. मोटर बाटोको शुक्रबारे नेपालडाडाँ मैदान गाउँ खण्ड मर्मत गर्न अति आवश्यक भएकाले तत्काल मर्मतका लागि रु ३०००००।- (तीन लाख मात्र) मर्मत संम्भार शिर्षकबाट विनियोजन गरियो र बाँकी उभोक्ता समिति मार्फत स्थानीय जनसहभागीताको श्रमदानबाट मर्मत सम्पन्न गराउने निर्णय गरियो ।

६. यस माईजोगमाई गाउँपालिकाको शिक्षा समितिको सदस्य सचिव शिक्षा सेवाका अधिकृत हुने व्यवस्था भएकोमा यस गाउँपालिकाको सो पदमा हाल सम्म कोहि पनि हाजिर नभएको हुदाँ प्र.प्र.अ. बाट सदस्य सचिव भई कामकाज गर्न तोकीएकोमा विविधि प्रविधिक तथा प्रशासनिक कारणले कामकाज गर्न असहज भएको हुदाँ अर्को व्यवस्था नभए सम्म शिक्षा शाखा संयोजक श्री केशवराज पौडेललाई सदस्य सचिव को जिम्मेवारी दिने निर्णय गरियो ।

७. साविक नयाँ बजार स्वास्थ्य चौकीबाट संचालन भएको गुप्ति गाउँघर क्लिनिक हाल नामसालिङ्ग स्वास्थ्य चौकीको क्षेत्राधिकार भित्र पर्ने भएकाले नयाँबजार स्वास्थ्य चौकीबाट संचालन गर्न दुविधा भएको भन्ने जानकारी भएकोमा अर्को व्यवस्था नभए सम्म साविक बमोजिमनै गुप्ति गाउँघर क्लिनिक नयाँबजार स्वास्थ्य चौकी बाट संचालन गर्ने निर्णय गरियो ।

८. शान्तिदिप महिला कृषक समुहको सामुदायिक भवन निर्माणका लागि उपयुक्त शिर्षकबाट रु १५००००।-( एक लाख पचास हजार मात्र) दिने निर्णय गरियो ।

९. डेनमार्क सरकारको सहयोगमा उन्नति परियोजनाद्वारा संचालित फिक्कल नयाँबजार मोटरबाटो ठेक्काबाट काम सम्पन्न गर्ने सम्झौता मिति २०७५।०३।१६ गते सम्म रहेकोमा सो मिति सम्ममा उल्लेखनिय रुपमा कार्यसम्पन्न गर्न नसकेको हुदाँ सम्झौता गर्ने ठेक्केदार कम्पनी नागार्जुङ्ग कम्पनीसगँ सम्झौता भङ्ग गरी उक्त सडक खण्ड स्थानीय उपभोक्ताहरुबाट निर्माण कार्य गर्ने डेनमार्क सरकारको निर्णय भएको हुँदा सो योजनाको ठेक्का भङ्ग गरी दिनहुन जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

१०. यस माईजोगमाई गाउँपालिकामा कुनै पनि महत्वपूर्ण विषयमा छलफल वा ध्यानाकर्षण गर्न सम्बन्धित सरोकारवालाहरु व्यक्तिगत वा सामूहिक रुपमा आउँदा कम्तिमा तीन दिनको अगावै औपचारीक रुपमा जानकारी गराई अनुमति लिएर मात्र छलफलमा सहभागि हुन पाउने निर्णय गरियो ।



Scanned by CamScanner